नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः- २०७२/०१/१९

## प्रेस विज्ञप्ति

आज मिति २०७२/०१/१९ गते मुलुकभर सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा भूकम्पबाट भएको क्षति विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य जारी रहेको छ । यसै क्रममा नेपाली सेना, निजी क्षेत्र र मित्रराष्ट्र भारतबाट आएका हेलिकप्टरहरुबाट प्रभावित क्षेत्रका रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, गोरखा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु जिल्लाहरुमा राहत प्याकेज पुऱ्याउने तथा घाइतेहरुको उद्धार गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ ।

हालसम्म प्राप्त जानकारी अनुसार मुलुकभर मृतक संख्या सर्वसाधारण-६९६८, नेपाली सेना-९, नेपाल प्रहरी-४, सशस्त्र प्रहरी - १, निजामती कर्मचारी - ४ र विदेशी - ५४ समेत जम्मा - ७०४० पुगेको छ । त्यस्तै घाइतेहरुको संख्या नेपाल प्रहरी - १४०, सशस्त्र प्रहरी - २१, विदेशी - ४८ र सर्वसाधारण - १३८९१ समेत जम्मा - १४१०० जना पुगेको छ । भौतिक क्षतिको विवरण प्राप्त हुने क्रम जारी छ । घाइतेहरुको उपचार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा स्वदेशी र विदेशी चिकित्सक र स्वास्थ्यकर्मीहरुबाट भईरहेको छ । आज नेपाली सेनाको - ६५०१६, नेपाल प्रहरी - ४१७७६, सशस्त्र प्रहरी बलको - २५९६२ समेत जम्मा - १३२७५४ जना सुरक्षाकर्मीहरुलाई उद्धार तथा राहत कार्यमा परिचालन गरिएको छ ।

गृह मन्त्रालयमा प्राप्त पछिल्लो जानाकारी अनुसार भूकम्प प्रभावित क्षेत्रका जिल्लाहरुमा हालसम्म राहत अर्न्तगत खाध्य पदार्थ चामल - ७८१२ क्यीन्टल, चिनी - ३१० क्वीन्टल, नुन - २७७.५ क्वीन्टल, चाउचाउ ९४४८२ कार्टुन, विस्कुट २८९४५ कार्टुन, पानी १२७९८ केस, चिउरा - ३२४९ क्वीन्टल, दाल ३६०० बोरा, दालमोट- ७५ बोरा र १००० प्याकेट र गैर खाध्य वस्तु त्रिपाल - ४७८०१ थान, सोलार लाईट - ३५०२८ थान, कम्बल - ३५५५ थान, लत्ता कपडा ९ बोरा, साबुन - २५२० थान, पानी शुद्धीकरण गर्ने चक्की - १८९००० थान लगायत ब्ल्याङ्केट, भाडावर्तन समेत प्राभावित जिल्लाहरुमा पठाइ सकिएको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरु र सम्बन्धित निकायहरुमा जम्मा १ अर्ब ३५ करोड १७ लाख रकम निकासा गरी सकिएको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसार उक्त राहत भूकम्प प्रभावित क्षेत्रमा निरन्तर रुपमा वितरण गरिएको छ । स्थानीयस्तरबाट समेत ठूलो परिमाणमा राहत संकलन भई वितरणको कार्य जारी रहेको छ ।

(लक्ष्मीप्रसाद ढकाल)

प्रवक्ता